# ईसाइहरु ठूलो झुण्ड अनि घरमा भेला हुन्छन्

नानीहरुलाई सिकाउनेले अध्ययन एच 6 ख पढ्नु पर्नेछ।

**प्रार्थना :**''प्रभु येशू, तपाईंले हामीलाई तपाईंको आफ्नै बौरीउठाइद्वारा जीवित बनाउनु भएको छ एक जीवित शरीर। हामीलाई अरु धेरै मण्डलीहरु खड़ा गर्नम मदत गर्नुहोस्।''


## 1. स-साना घरेलु गिर्जाहरुमा काम गर्न तपाईंको मण्डलीलाई मदत दिनलाई तयार गर्नुहोस्।

प्रथम ईसाइहरु भेटघाट गर्ने विभिन्न स्थानहरु (प्रेरित 2:46, 46,18:7 मा) पत्तो गर्नुहोस्। (उत्तरहरु प्रश्नको पछि पाउनु हुनेछ।)

- विश्वासीहरुले प्रभुभोज कहाँ खाएका थिए, प्रेरित 2:46 मा पाउनु हुन्छ (तिनीहरुको घरहरुमा)
- प्रेरितहरुले येशुको बारेमा कहाँ सिकाउँथे, प्रेरित 5:42,20,20 मा पाउनु हुन्छ। (मन्दिर अनि घरहरुमा)
- फिलिप्पीमा विश्वासीहरुलाई खोज्न प्रेरितहरु कहाँ गएका थिए, प्रेरित 16:40 मा पाउनुहुन्छ। (लिडियाको घरमा)

प्रेरित पावलले धेरै मण्डलहरुलाई पत्र लेखे र त्यी मण्डलीहरू कहाँ भेट्ने गर्थे, प्रेरित 16:40, रोमी 16:5 1 कोरिन्थी 16:19 कलस्सी 4:15-16 फिलेमोन 151-3 मा पाउनु हुन्छ। (मानिसहरुको घरहरुमा)

कुनै मण्डलीहरु हात्ती झै विशाल हुन्छन्, वलिया पनि अनि धेरै कामहरु गर्नसक्छन्। अरु मण्डलीहरु खरायो जस्तै साना हुन्छन्, उति बलियो पनि हुँदैनन्, तर तिनीहरु लगातार बढ्न सक्छन्।



| हात्ती | खरयो |
|---|---|
| ● 18 सालमा परिपक्व हुन्छन् | ● 4 महिनामा परिपक्व हुन्छन् |
| ● एउटै बच्चामात्र गर्भधारण गर्छन्। | ● 7 प्राय:बच्चाहरु मात्रमा गर्भधारण गर्छन् |
| ● वर्षमा 4 पल्टमात्र पैदा गर्नेक्षमता हुन्छ | ● प्राय: संधै पैदा गर्ने क्षमता हुन्छ |
| ● गर्भावस्था 22 महिना | ● गर्भावस्था 1 महिना |
| ● परिवार वृद्धि 2 देखि 3 मात्र 3 वर्ष मा | ● परिवारको वृद्धि तीन वर्षमा 476 हुन्छन् |



## 2. नयाँ घरेलू मण्डली कसरी बनाउने तपाईंको सहकर्मीहरुसित योजना बनाउनुहोस्।

घरेलू मण्डलीका केहि फायदाहरु बारे तपाईंका सहकर्मीहरुसित छलफल गर्नुहोस्।

- तिनीहरुले ठूलो झुण्डभन्दा धेरै सजिलो सित उत्पन्न गर्न सक्छन्।
- सिकारु गोठालाहरुले तिनीहरुलाई डोर्‍याउन सक्छन्।
- तिनीहरुले एकार्कालाई तिनीहरुको आत्माका वरदानहरुबारे उत्साह दिने गर्छन्
- तिनीहरुले नयाँ नियमका आज्ञाहरु ''एकार्कामा'' अभ्यास गर्न सक्छन्।

- सेवाघरको निम्ति तिनीहरुलाई पैसाको खाँचो पर्दैन।
- तिनीहरुका विरोधी शासकहरु प्राय: अदृश्य हुन्छन्।

घरेलू मण्डलीहरुलाई सेवा गर्ने सिकारु गोठालाहरुलाई कसरी डोरयाउन अनि उपदेश दिन तपाईं अनि सहकर्मीहरुले सक्नु हुन्छ छलफल गर्नुहोस्।

पावल–तिमोथी नेता प्रशिक्षण अध्ययन ए 0 एकसाथ पढ्नुहोस्, ''नवीन गोठालाहरुलाई उपदेशको रूपरेखा''

सिकारु गोठालाहरु को हुन सक्छ तपाईको सहकर्मीहरुसित छलफल गर्नुहोस्। त्यस्ता व्यक्तिहरु सित भेट गर्नुहोस् अनि नयाँ घरेलू मण्डलीहरुलाई अगुवाइ गर्नलाई प्रशिक्षणको निम्ति तिनीहरूलाई मनाउनु होस्। असल गोठालाहरु यस्ताहरुबाट हुन सक्छन् जसले :

- तिनीहरुको पारिवारीक आराधनामा अगुवाई गर्छन्।
- अरुहरुसित भेटघाट गर्न सक्छन्।
- समाजमा तिनीहरुको असल नाउँ छन्।

नयाँ घरेलू झुण्डहरुलाई सहयोग पुरयाउने अभ्यासको प्रशिक्षण, सिकारू गोठालाहरुलाई दिनको निम्ति कार्यक्रमहरुको योजना बनाउनुहोस् :

- परमेश्वरलाई पुज्नु
- येशुको नाममा प्रार्थना गर्नु
- नयाँ विश्वासीहरुलाई बप्तिस्मा दिनु
- एक साथ बसेर रोटी भाँच्नु
- अचानक खाँचो परेकाहरुलाई सहयोग दिनु
- धर्मशास्त्र एक साथ अध्ययन गर्नु
- एकार्कालाई प्रोत्साहन दिनु
- अरुको सेवा गर्नु
- सुसमाचार बाँटनु
- अरु घरेलू झुण्डसित मिलेर काम गर्नु

घरेलू मण्डलीहरु कहिले, कहाँ, कति पटक ठूलो सभामा एक साथ बस्न पर्छ योजना बनाउनुहोस् यदि हुनसक्छ भने, यस प्रकारले....

- प्रबल बाइबल शिक्षक अनि प्रतिभाशाली प्रचारकहरुबाट सुन्नलाई।
- साना झुण्डहरुमा परमेश्वरले के गरीरहनु भएको छ, त्यसबारे अनुमोदनको रूपमा आशिष बाँटन।
- योग्य संगितकारहरुसित आनन्द गर्न अनि नयाँ गीतहरु सिक्न।
- अन्य विश्वासीहरुसित भेटेर नयाँ मित्रता बढ़ाउनु।

- मौकाहरुबाट सिक्न अनि नयाँ सेवकाइको भोजन बनाउन।
- परमेश्वरलाई प्रशंसा दिन, प्रार्थना गर्न अनि समुहमा रहन।

**चेतावनी :** यदि ठूला झुण्डमा धेरै पटक भेट गर्दा, विश्वासीहरु घरेलू मण्डलीमा फेरि फेरि आउने छैनन्।

**3. आउँदै गर्ने आराधनाको योजना सहकर्मीहरु सित बनाउनु होस्।**

वर्तमान खाँचोहरुमा उचित ठहरिने कार्यक्रमहरू चुन्नुहोस्।

नानीहरुले तायार पारेका व्यङ्ग अनि प्रश्नहरुलाई प्रौढ़हरुको निम्ति प्रस्तुत गर्न लगाउनुहोस्।

माथि भाग–1 मा तपाईले पाउनु भएको कुराहरुबारे बुझाउनु होस् अनि प्रश्नहरु गर्नुहोस्।

विश्वासीहरुले एकसाथ कस्ता कार्यक्रमहरू गर्न सक्छन् 1 कुरिन्थी 14:26–32 बाट पढ़नुहोस् अनि छलफल गर्नुहोस्।

विश्वासीहरुले आफ्नो घरमा अनि घरेलू मण्डलीमा गर्न सक्ने केहि कार्यक्रमहरू मिलेर अभ्यास गर्नुहोस्।

प्रभुभोज को परिचय गर्नलाई 1 कोरिन्थी 11:18–34 पढ़नुहोस्।

मत्ती 18:20 लाई एकसाथ कण्ठस्थ गर्नुहोस्।

एउटाले अर्कोलाई सुन्न अनि प्रार्थना गर्न विश्वासीहरुलाई, तीन वा चारको झुण्डहरुमा राख्नुहोस्।



यदि तपाईंले नयाँ गोठालाहरुलाई प्रशिक्षण दिनुहुन्छ भने अनि अहिले सम्म पावल–तिमोथी अध्ययन ए. एफ पढ़नु भएको छैन् भने ''सिकारु गोठालाको प्रशिक्षण को निम्ति मार्ग निर्देशन'' अहिले गर्नुहोस्।

# येशु ख्रीष्टको सेवा गर्नेलाई हाम्रा घरहरुमा हामी स्वागत गरौं

## नानीहरुलाई तिनीहरुको घरमा अरुको सेवा गर्न सिकाउनुहोस।

नानीहरुका खाँचोहरु अनि उमरेलाई उपयुक्त कार्यक्रमहरू चुन्न होस्।

**प्रार्थना :**"प्रभु, नानीहरुलाई तिनीहरुको घरमा आधारहरु पत्तो लगाउन तपाइको सेवागर्नेलाई मदत गर्नुहोस्।"

अगमवक्ताको निम्ति कोठा तयार पार्ने कुरा सिकाउन तयार गर्नुहोस्। परमेश्वरले त्यो स्त्रीलाई आशिर्वाद दिनुभयो जसले यात्रीहरुलाई अतिथि सत्कार गर्थीन्, (2 राजा 4:8–37 पढ्नुहोस्।)



यी प्रश्नहरुको उत्तरहरु खोज्नुहोस्। उत्तरहरु प्रत्येक प्रश्नहरुको पछि पाउनुहुनेछ।

- एलीशाको निम्ति त्यस स्त्रीले के गरीन? (पद 10 हेर्नुहोस्)
- एलीशाले त्यस स्त्रीको निम्ति के गरे? (पद 16 हेर्नुहोस्)
- ठिटोलाई के भएको थियो? (पद 20 हेर्नुहोस्)
- स्त्री सहायताको निम्ति कसकहाँ गइन? (पद 27 हेर्नुहोस्)
- ठिटोलाई मदत गर्न भन्दा अघि एलीशाले के गरे? (पद 33 हेर्नुहोस्)
- ठिटोको निम्ति एलीशाले के गरेथे? (पद 34 हेर्नुहोस)

अगमवक्ताको कोठाको कथा ठूलो नानी वा शिक्षकलाई कण्ड गर्न लगाउनुहोस्।

2 राजा 4:8–36 देखि कथाको भागहरुलाई नाटकमा दर्शाउनुहोस्।

- नानीहरुले यो नाटक प्रस्तुत गर्नलाई मण्डलीका एल्डरहरुले प्रबन्ध मिलाइदेऊन।
- ठूला नानीहरुले सानाहरुलाई तयार गर्न मदत गरुन्।
- तपाईंले सम्पूर्ण भागहरुलाई प्रस्तुत गर्न पर्दैन्।

ठूला नानीहरु वा प्रौढ़हरुलाई एलीशा, स्त्री, लोग्ने अनि कथका भूमिका खेल्न दिनुहोस्।

- कथकले कथालाई छोटकरीमा बताउने अनि साना नानीहरुलाई तिनीहरुले के बोल्न पर्ने अनि गर्न पर्ने संझना गराउनलाई मदत गर्नुहोस्।
- एलीशाको एउटा लठी (हिंड़दा टेक्ने)।

साना नानीहरुले ठिटो अनि काम गर्नेहरुको भूमिका गरुन।

**पावल–तिमोथी बालकहरुको अध्ययन–मण्डली स्थापना, एच 6 बी**

**कथक :**कथाको पहिलो भाग 2 राजा 4:8–16 देखि पढ्नुहोस्। त्यसपछि भनोस्, ''सुन्नुहोस् शुनैमका स्त्रीले आफ्नो लोग्नेलाई के भन्दैछन्।''

**स्त्री :**''हजूर, म अगमवक्ताको निम्ति केहि गर्नचाहन्छु जो सँधै यात्रामा छँदा हामीलाई भेटगर्नु हुन्छ। के हामी तिनको निम्ति एउटा कोठा तयार पार्न सक्छौं, यसैले कि यहाँ हुदाँ उहाँको निम्ति एउटा बास बस्ने ठाउँ होस्?''

**लोग्ने :**यो त बड़ो राम्रो विचार हो। म एउटा कोठा माथि छत्मा बनाइदिनेछु।''

**एलीशा :**ढोकामा ढक्–ढकाउँदछ। र भन्छ, ''हामी तपाईंहरुलाई भेटनलाई आएका छौं।''

**स्त्री :**''स्वागत छ, एलीशा! भित्रै पाल्नु। हेर्नुहोस् हामीले तपाईंको निम्ति कोठा तयार पारेकाछौं।''

**एलीशा :**धन्यवाद! तपाईंले अतिथि सत्कार गर्नु भएको निम्ति म परमेश्वरसित आशिष माँग्नेछु। मलाई थाहा छ, तिम्रो छोरो छैन्। अर्को वर्ष तिम्रो काखमा एउटा छोरो हुनेछ।''

**कथक :**कथाको दोस्रो भाग 2 राजा 4:17–25 पढ़ेर सुनाउनु होस्। त्यसपछि भन्नुहोस्, ''सुन्नुहोस् ठिटोले बुवालाई के भन्दछ।''

**ठिटो :**''बुवा, आज म तपाईंसित खेतमा जान चाहन्छु।''

**लोग्ने :**''हुन्छ, मेरो नानी। आऊ मेरो काममा हात बटाऊ।'' (लोग्ने अनि ठिटो कटनीको काम गर्नेहरु कहाँ जान्छन्।)

**सेवकहरु :**''नमस्कार, हजूर।'' ''तपाईं अनि तपाईंको छोरोलाई परमेश्वरले आशिर्वाद दिऊन।''

**ठिटो :**टाउको समातेर शिकायत गदर्छ, ''आइया! उफ्! बुवा मरो कपाल साह्रै दुख्यो।''

**लोग्ने :**(एक जना सेवकसंग बोल्दछ), ''यो ठिटोलाई आमा कहाँ पुर्‍याइ देऊ।''

**स्त्री :**ठिटा नमरेसम्म पक्रि राख्नु (भूइँ मा लड्छ) भन्नोस, ''सेवक मलाई एउटा गधा ल्याइदेऊ।''

**कथक :**कथाको तेस्रो भाग 2 राजा 4:26–37 देखि बताउनुहोस्। त्यसपछि भन्नोस, ''सुन्नुहोस् एलीशाले तिनको सेवक, गेहजीलाई के भन्दछ।''

**एलीशा :**''हेर त! शुनैमकी स्त्री आउँदैछिन्। के भयो होला हँ?''

**स्त्री :**एलीशातर्फ आँशु पुछ्दै अघि बढ्छिन् र भन्छिन (हिड़ी रहन्छीन्, आंशु पुछ्दै, उत्तरै बिना। एलीशा कहां जानुहोस अनि मन्नोस) ''मेरो छोरो मरयो। मलाई मदत गर्नुहोस्।''

**एलीशा :**''हामी त्यस कहाँ जाऊँ।'' (स्त्रीको घरमा जान्छन्, छोराको छेउमा घुड़ा टेकेर बस्नुहोस्, त्यसपछि ठिटोको माथि लमतन्न सुत्नुहोस्।)

**ठिटा :**द्येरै पटक छिउँ काढ़ेर जुरुक्क उठेर बसछ।

**एलीशा :**''तिम्रो बालकलाई लैजाऊ।''

**कथक :**नाटकमा भाग लिनेहरूलाई धन्यवाद दिनुहोस्।

**प्रश्नहरु गर्नुहोस्।** नानीहरुले नाटक प्रौढ़हरुको निम्ति गर्छन् भने, तब माथि दिइएका प्रश्नहरु पनि गर्न लगाउनुहोस्।

यस कथाका भिन्दा भिन्दै थोकहरु वा व्यक्तिको एक एक वटा चित्र, नानीहरुलाई बनाउन लगाउनु होस्।

- एउटा ढुंगाको घरको माथिल्लो छत्मा, एउटा कोठाको वा एउटा टेबल, कुर्सी, बत्ती, ओछयान, ठिटोले कपाल समाती

रहेको, गधा, वा एलीशाको लठी को चित्र बनाउन सक्नु हुन्छ।

- शिक्षकले एउटा कमरा अनि त्यसमा एउटा ओछ्यान, एउटा टेबल, एउटा चौकी, अनि एउटा बत्ती को चित्र कोर्नुहोस अनि ठूला नानीहरुलाई नकल गर्न लगाउनुहोस्।
- ठूला नानीहरुले साना नानीहरुलाई चित्र बनाउनमा मदत गरून।
- नानीहरुलाई तिनीहरुले तयार पारको चित्रहरु आराधनाको समयमा, प्रौढ़हरुलाई देखाउन लगाउनुहोस्  र यसले अतिथि सत्कार (विशेष परमेश्वरका सेवकहरुको) गर्न पर्छ  भन्ने बुझाउदँछ भन्न लगाउनुहोस्।

परमेश्वरको निम्ति हाम्रा घरहरुलाई कसरी चलाउन सक्छौ, यसबारे अन्य उदाहरणहरु नानीहरुलाई दिन लगाउनुहोस्। यो पनि सोध्नु होस्, मानिसहरु परमेश्वरलाई आराधना गर्न कस्ता किसिमका स्थानहरुमा जाने गर्दछन्?''

कविता। चार जना नानीहरु प्रत्येकले भजन संग्रह 24:7-10 एक पद गरी कण्ठ सुनाऊन्।

(ठूला नानीहरुलाई हाम्रा घरहरुमा परमेश्वरको सेवा वा परमेश्वर को आरधना भेटनलाई घरहरु प्रयोग गर्न बारे कविता वा गीत लेख्न लगाउनु होस्।)

साना नानीहरुलाई इफिसी 25:19

अनि ठूलाहरुलाई इफिसी 2:19-20 कण्ठस्थ गर्न लगाउनुहोस्।

**प्रार्थना :**''प्रभु, सारा पृथ्वी नै तपाईंको हो। हाम्रो घर तपाईं कै हो। हाम्रा घरहरुबाट चढ़ाएको प्रशंसा ग्रहण गर्नु भएको निम्ति तपाईंलाई धन्यवाद। हाम्रा परिवारहरुले अतिथि सत्कारलाई एउटा उपहारसरह तपाईंलाई अर्पण गर्न सकून्।''

# लेवी, महसुल उठाउने, पापीहरु सबै येशुलाई भेटन जम्मा भए

नानीहरुलाई सिकाउनेले अध्ययन एस 5 बी पढ्नु पर्छ।

**1. परमेश्वरको वचनले तपाईंको हृदय र मनलाई तयार पार्नुहोस्।**

**प्रार्थना :**''प्रभु येशू, हर ठाँउमा मानिसहरु अनि परिवारहरु तपाईंका चेला हुनमा तपाईंले नै तयार गर्नुहुन्छ। यस्ता व्यक्तिहरुलाई तिनीहरु कै झुण्डमा भेटन र खोजी गर्न हामीलाई मदत गर्नुहोस्।''



येशूले पापीहरुलाई तिनीहरुको घरमा कसरी भेट गरे मर्कुस 2:14-17 मा पत्तो लगाउनुहोस्।

- येशूले महसुल उठाउनेहरुलाई के संझनुहुन्छ? (पद 14)।
- कसले येशूलाई उसको घरमा खानलाई निम्त्याए? (पद 15)।
- अरु लेवीहरुलाई घरमा कसले निम्त्याए (पद 15)
- येशू अनि ती पापीहरु एक साथमा के गर्दै थिए? (पद 16)
- येशूले कस्ता किसिमका मानिसहरुलाई पश्चताप गर्न लगाउनुहुन्छ? (पद 17)।

पत्रुसले तिनलाई पर्खीरहेकाहरुको घरमा कसरी भेट गरे? प्रेरित 10:24-33 मा पाउनु हुन्छ।

- कर्नीलियसले तिनको घरमा कस्ता किसिमका मानिसहरुलाई स्वागत गरेका थिए? (पद 24)।
- अविश्वासीहरुको निम्ति पत्रुसको नयाँ आचरण कस्तो थियो? (पद 28)।
- पत्रुसलाई कर्नीलियसले तिनको घरमा आउन किन खबर पठाए? (पद 30-32)।
- पत्रुसले कर्नीलियसलाई, तिनको आफन्तलाई अनि तिनका मित्रहरुलाई के भनि दिऊन भनेर निम्त्याएका थिए? (पद 33)।

पावलले बोलाउनेहरुलाई तिनको घरमा कसरी स्वागत गरे अनि तिनीहरुलाई के सिकाए? प्रेरित 28:30-31 मा पत्तो लगाउनुहोस्।

- पावल रोममा भाड़ा तिर्ने घरमा कति समय समम बसे।
- तिनकोमा आउने मानिसहरुलाई तिनले कसको बारेमा बताउँथे।

झुण्डमा अविश्वासीहरु आइ पुग्दा कस्तो व्यवहार गर्नु 1 कोरिन्थी 14:24-26 मा पत्तो लगाउनु होस।

- झुण्डमा कति जनालाई अरुसित बातचित गर्न अनि आशिष बाँटने अनुमति दिनु पर्छ?

- विश्वासीहरुले कस्तो प्रकारको कुरा गर्न पर्छ?

  **टिप्पणी :** झुण्डमा अगमवाणी गर्नु सबै विश्वासीहरुले गर्नु हो। यो एक साधारण वचन हो अरुलाई सुधार गर्ने, उत्साह अनि सान्तवना दिने। (1 कोरिन्थी 14:3)।

- परमेश्वरले अविश्वासीहरुको हृदयलाई के गर्नु हुनेछ जसहरूसित झुण्डमा विश्वासीहरुले बात चित गरेका हुन्छन्?

  विश्वासीहरुले सानो झूण्डहरुमा दुइ विशेष कुराहरु गर्न सक्छन् :

1. नयाँ विश्वासीहरुले तिनीहरुको अविश्वासी मित्रहरुलाई, सन्तानहरुलाई येशुको बारे सुनाउन सजिलैसित एउटा झुण्डमा ल्याउन सक्छन्, जसरी जक्कै, मत्ती, अनि कर्नीलियसले गरेथे (लूका 19:1-10, मत्ती 9:9-13, अनि प्रेरित 10:12-24 मा पाइन्छ)

2. परिपक्व विश्वासीहरुले ''एउटाले अर्कोको'' आज्ञाहरुलाई सजिलैसित अभ्यास गर्न सक्छन्, जसले प्रत्येकलाई उत्सुक्तासाथ अभ्यास गर्नमा एउटाले अर्कोलाई सहयोग दिन सक्नेछन्। नयाँ विश्वासीहरु सायद अप्ठयारो मान्नसक्छन् यसैले तिनीहरु तयारी नभए सम्म बोल्नलाई कर नगर्नुहोस्।

   यही, साना झुण्डहरुमा वा घरेलू मण्डलीमा यी दुइ कुराहरु गर्नलाई पक्का गर्न पर्छ। कहिले कहीं जुन विश्वासीहरु परमंपरागत मण्डलीहरुमा सुन्ने मात्र हुन्छन् परमंपरागत त्यहाँ बनीबनाउ शिक्षाहरु मात्र हुन्छनु त्यहाँ पारस्परिक क्रिया को वास्ता हुँदैन, अनि तिनीहरुले साना झुण्डहरुमा ती गलतीहरु ल्याउँदछ।

**2. आउँदो साताको निम्ति क्रियाकलापहरुको योजना सहकर्मीहरु सित बनाउनुहोस्।**

- यदि विश्वासीहरु सिक्न र अरुहरुलाई पनि येशुको बारेमा सुनाउन चाहन्छन् भने तिनीहरूलाई घरमा व्यवस्था मिलाउन लगाउनुहोस् अनि भेट गर्नुहोस्।
- मण्डलीमा यदि नयाँ विश्वासीहरु छन् भने, अविश्वासी मित्रहरु अनि आफन्तहरुलाई तिनीहरुको घरमा येशुको बारे सुनाउने प्रबन्ध मिलाउन लगाउनुहोस् अनि भेट गर्नुहोस्।
- भेला भएको झुण्डलाई पूरानो नियमका कथाहरु बताउनु होस् जसबाट, सत्य अनि पवित्र परमेश्वर, प्रार्थना सुन्नुहुने अनि सबै आत्माहरुभन्दा सर्वसामर्थी प्रभुलाई बुझन तिनीहरेलाई मदत मिल्नेछ। जस्तौ प्रलय (उत्पत्ती 6:5-22), सदोमको ध्वंस (उत्पत्ती 18:20 देखि 19:29) अनि मुर्तिपूजा गर्ने बालका पुजारीहरु (1 राजा 18)।
- येशुको कथा पनि सुनाउनु होस्, जुन कथाले उहाँको प्रेम अनि क्षमा दर्शाउछ, माथि भाग-1 मा भएका कथाहरु जस्तै सबै सुसमाचारको योजना अनुसार घरेलू सगतीहरु राख्ने विषय आराधनाको समय, प्रार्थनामा राख्नुहोस्।
- मानिसहरुलाई लगातार भेटघाटको निम्ति स्वागत गर्नुहोस्।
- निमंत्रकसित मिलेर उपस्थित भएकाहरुलाई स्वागत जनाउनु होस्, अनि एकार्का हेरेर बस्न लगाउनुहोस् अनि सुहाउँदो तरिकाले संगती गर्नुहोस्।
- घरेलू संगतीहरु कसरी संचालन गर्न सकिन्छ, तल दिएका सल्लाहरुलाई अप्नउनुहोस्।

सानो झुण्डमा, कुर्सीहरुको व्यवस्था गर्नुहोस् वा (अरू बस्ने तरिका) किनभने मानिसहरु एर्कासित सजिलो किसिमले बातचित गर्न सकेन्।

**कुर्सीहरुलाई एकको पछि अर्को अरुको शिरलाई देख्ने प्रकार राख्नु मात्र कि मानिसहरुले एकार्कालाई**

**छर्लङ्ग देख्ने गरी राख्नु, कुन चाँहि असल?** (उत्तर : जब कुर्सीहरु आमने-सामने गरेर राख्नाले मानिसहरुले सुन्न अनि एकार्का भा असल प्रकारले बातचित गर्न सक्नेछन्।)





**3. आउने दिनको आराधनाको योजना सहकर्मीहरुसित बनाउनुहोस्।**

झुण्डको वर्तमान खाँचोहरुलाई मिल्ने क्रियाकलापहरु चुन्नुहोस्।

नानीहरूलाई तिनीहरूले तयार पारेका नाटक अनि प्रश्नहरुलाई प्रस्तुत गर्न लगाउनुहोस्।

माथि भाग 7 मा भएको कथालाई मुखस्त सुनाउनुहोस वा पढ़नुहोस् अनि त्यहाँ भएका प्रश्नहरु सोध्नुहोस्।

तपाईंले झयालखानाका हाकिमको परिवारसम्बन्ध मा समालोचना गर्नुहोस् वा प्रेरित 16:22-34 पढ़न सक्नु हुन्छ।

सुसमाचारीय घरेलू संगतीहरुको निम्ति सिफारिशहरुलाई दोह्याएर हेर्नुहोस्।

हालैमा भएको सुसमाचारीय घरेलू सभाहरुको अनुवेदन अनि साक्षीको लागी आग्रह गर्नु होस्।

प्रभुभोज को परिचय गर्नलाई प्रेरित 2:43 पढ़नुहोस् अनि प्रथम मण्डलीले प्रभुभोज घरमा मनाएको कुरा बुझाउनुहोस्।

दुइ वा तीनको झुण्ड बनाउनुहोस्। प्रार्थना गर्नुहोस्, एकार्कालाई प्रोत्साहन दिनुहोस् अनि योजनाहरु पक्का गर्नु होस्।

1 कोरिन्थी 14:24-25 एक साथ कण्ठस्थ गर्नुहोस्।




यदि तपाईंले नयाँ गोठालाहरुलाई प्रशिक्षण दिनुहुन्छ भने तर अहिले सम्म, पावल-तिमोथी ए.0 एफ पढ़नु भएको छैन् भने ''सिकारु गोठालाको प्रशिक्षणको निम्ति मार्गनिर्देशन'' अहिले गर्नुहोस्।

# एक परिवारले तिनीहरुको घरमा येशुलाई पुज्न,

कुनै पनि बालकहरुले सिक्ने क्रियाकलापहरु चुन्नुहोस्।

**प्रार्थना :**''प्रिय प्रभु, विश्वासीहरुले तिनीहरुको घरमा मानिसहरु भेला गर्न येशुकोबारे बताउन अनि तपाईंलाई भज्नलाई मदत गर्नुहोस्।''

ठूला नानीहरु वा शिक्षकले प्रेरित 16:22–36 देखि फिलिप्पिमा झ्यालखानाका शासकको कथा मुखस्त गरेर सुनाऊन वा पढ़िदेऊन। दिए एउटा परिवारले तिनीहरुको घरमा परमेश्वरलाई कसरी महिमा यसबाट बुझिन्छ।



कथा सुनाए पछि, प्रश्नहरु सोध्नु होस् (उत्तरहरु प्रश्नपछि पाउनु हुनेछ।)

- पावल अनि सिलासलाई न्यायधीशले कस्तो व्यवहार गरे? (पदहरु 23–24)
- पावल अनि सिलास राती झ्यालखानामा के गर्दै थिए? (पद 25)
- हाकिम आफैलाई किन मार्न चाहेथे (पद 26–27)
- हाकिमले अनि तिनका परिवारले कसरी मुक्ति पाए? (पद 31)
- रातको कुन पहरमा हाकिमले अनि तिनका परिवारले बप्तिस्मा लिए? (पद 25 अनि 32–34)

हाकिमले (जेलर) अनि तिनका परिवारको कथाको भागहरुलाई नाटकीय रूप दिनुहोस्।

- नानीहरुलाई छोटो नाटक प्रस्तुत गर्नको निम्ति मण्डलीका अगुवाहरुले व्यवस्था मिलाई देऊन।
- नाटक तयार पार्नलाई नानीहरुसित समय बिताउनुहोस्। तपाईंले सम्पूर्ण भागहरु प्रयोग गर्नु पर्दैन।
- नाटक तयार पार्नमा ठूला नानीहरुले सानाहरुलाई मदत गरुन्।
- ठूला नानीहरु वा प्रौढ़हरुले यी भूमिकाहरू खेलुन :

**पावल**

**हाकिम** (जेलर)। सांङ्गला हुन भनि बुझाउन दुइवटा डोरी लिनुहोस्, अनि तरवारलाई बुझाउन कुनै चित्र लिनुहोस्।

**कथक।** कथालाई छोटकारीमा भन्नुहोस्। एउटा टेबलको किनाएमा, किताब वा ढुंगाहरुको बोरा तयार पार्नुहोस।

**पावल–तिमोथी गोठालाको अध्ययन–मण्डला स्थापना–एस 5 बी**

- साना नानीहरुले सिलास, न्यायधीश, कैदीहरु अनि हाकिमको परिवारको भाग गरुन।

**कथक :** कथाको पहिलो भाग प्रेरित 16:22–28 देखि सुनाउनुहोस् त्यसपछि भन्नुहोस्, ''सुन्नुहोस् न्यायधीशले के भन्दै हुनुहुन्छ।''

**न्यायधीश :** ''हाकिम! पावल र सिलासलाई झ्यालखानामा हाल। पिट! अनि कड़ा नजर राख!''

**हाकिम :** तिनीहरुका हातखुट्टा सांङ्गलाले बेह्री बाँध्छन् (गाँठो नपार्नुहोस्) तब भन्नुहोस्,'' यिनीहरुलाई सांङ्गलाले बाँधेर झ्यालखानाको को भित्रि कोठामा मेरो आफ्नै निगरानी मा राख्ने छु।''

**पावल अनि सिलास :** टेबल मनि बस्छन् अनि गीत गाउँछन्।

**हाकिम :** भूइचालो! (ढुंगा र किताबहरू झर्ने हिसाबले टेबल हल्लाउनु।)

**पावल अनि सिलास :** सांङ्गलाहरु खोलेर खड़ा हुन्छन्।

**कैदिहरु :** ''हामी स्वतन्त्र भयौं! ढोकाहरु खुल्लाछन्।''

**हाकिम:** तरवार थुतेर। भन्छन् ''कैदिहरु भागे। म आफैलाई मार्नपर्छ!''

**पावल :** (कराएर), ''होइन, हजूर! आफैलाई केही नोक्सानी नगर्नुहोस्। हामी सबै यहीं नै छौं।''

**कथक :** कथाको दोस्रो भाग प्रेरित 16:29–33 देखि बताउनुहोस्। त्यसपछि भन्नोस्,''सुन्नुहोस् हाकिमले के भन्दैछन्।''

**हाकिम:** ''बत्ती ल्याऊ! म पावल अनि सिलासलाई हेर्न चाहन्छु।'' पावल अनि सिलासको सामने टेकी चर्को स्वरले भन्छन्, ''मैले के गरेदेखि, उद्धार पाउँनसक्छु?''

**पावल :** प्रभु येशु ख्रीष्टमा विश्‍वास गर्नुहोस्, र तपाईले र तपाईंको परिवारले उद्धार पाउनुहुनेछ।

**हाकिमको :** ''हामी पनि येशुमा विश्‍वास गर्न चाहन्छौं।''

**हाकिम :** मलाई तपाईको घाउ सफापरिवारगर्न दिनुहोस्। अनि हामी आज रातीनै बप्तिस्मा लिनेछौं।''

**कथक :** कथाको तेस्रो भाग प्रेरित 16:34–36 देखि सुनाउनु होस्। त्यसपछि भन्नोस्, ''सुन्नुहोस हाकिमले पावल र सिलासलाई के भन्छन्।''

**हाकिम :** म आनन्दले भरपुर छु किनभने मेरा सारा परिवारले येशुमा विश्‍वास गरे अनि बप्तिस्मा लिए। आउनु होस्, तपाईंहरुका निम्ति मेरो घरमा भोजन तयार पारिएको छ।''

**न्यायद्यीश :** टेबलको माथि ठक्ठकाएर भन्छन, ''शुभ प्रभात, हाकिम। पावल र सिलासलाई छोड़ी देऊ।''

**हाकिम :** ''भाइहरु, येशुको सुसमाचार मेरो परिवारमा ल्याइदिनु भएको निम्ति धन्यवाद। शान्तीसित जानुहोस्।''

**कथक वा ठूला नानीहरु :** नाटक सिद्धिए पछि नाटकमा सहयोग दिने सबैलाई धन्यवाद दिनुहोस्।

**प्रश्नहरु :** यदि नानीहरुले नाटक प्रौढ़हरुको निम्ति गर्दछन् भने, तिनीहरुले प्रौढ़हरुलाई माथि गरिएका प्रश्नहरू सोघ्न लगाउनुहोस्।

नानीहरुलाई सोध्नुहोस् : हाम्रा घरहरूमा कुन कुन तरिकाले परमेश्‍वरको सेवा एवं आराधना गर्नसक्छौं?

तपाईंको शहरमा भएको एउटा आदर्श घरको साधारण चित्र बनाउनुहोस्। नानीहरुलाई नकल गर्न लगाउनुहोस्,

अनि आराधनाको समयमा प्रौढ़हरुलाई देखाउनु अनि हामीले परमेश्वरको आराधना घरमा वा जहीं पनि गर्न सक्छौं भनी बुझाउन लगाउनु होस्।



यहून्ना 4:24 कण्ठस्थ पार्नुहोस्।

**कविता :** तीन जना नानीहरुलाई दुइ-दुइ पद मुखस्त गरी भजन संग्रह 136:1-6 देखि सुनाउन लगाउनुहोस्। सम्पूर्ण झूण्डलाई प्रत्येक पद पछि पछि दोहोर्‍याउन लगाउनुहोस्, ''उहाँको प्रेम सदा रहिरहन्छ।''

ठूला नानीहरुलाई घरहरुमा हुने कुराहरू बारे कविता वा गीतहरु लेख्न लगाउनुहोस्।

**प्रार्थना :** ''प्रिय प्रभु, तपाईंलाई धन्यवाद किनकि हामीले तपाईंलाई जुनै समय अनि जहीं पनि पुज्न सक्छौं। यदि हामी सानै झूण्डमा नै कि न हौं। तपाईलाई धन्यवाद, तपाईंले हाम्रा सारा परिवारलाई तपाईंमा ल्याउन भएको निम्ति। हाम्रा सम्पूर्ण हृदयले तपाईंलाई पुज्नमा हामीलाई मदत गर्नुहोस्।''

**यदि तपाईंले नानीहरुलाई सिकाउनु हुन्छ भने अनि अहिले सम्म पावल-तिमोथी ए 0 बी ''बाल-शिक्षकहरुको निम्ति मार्गदनिर्देशन, पढ़नु भएको छैन् भने, यसलाई अहिले नै गर्नुहोस्।**

# नयाँ मण्डलीहरुको शुरूवात

नानीहरुलाई सिकाउनेले अध्ययन सी 7 बी पढ्नु पर्छ।

**प्रार्थना :**''प्रिय प्रभु, हाम्रा मण्डलीहरुलाई तपाईका आज्ञाहरु पालन गरेर पवित्र आत्माको शक्तिमा विश्वासीहरु को नयां बगाल द्वारा चेलाहरु बनाउन शुरू गर्नमा मदत गर्नुहोस्।''

1. **नयाँ मण्डलीहरु अनि कक्षाहरु शुरूवात गर्नलाई परमेश्वरको वचन अनि प्रार्थना सहित तयार हुनुहोस्।**

एउटा मण्डली येशुका चेलाहरुको समुह हो।

नयाँ विश्वासीहरुले साँचो चेलाहरु हुनलाई के गर्न पर्छ, तपाईंले के सिकाउन पर्छ, के लिन पर्छ 28:18-20 मा पाउनु हुनेछ।

(उत्तर : तिनीहरुले बप्तिस्मा लिन पर्छ अनि येशुका आज्ञाहरु पालन गर्न पर्छ। (जुन साधारण आज्ञाहरू उहाँले गर्नु भएको छ ती सबै सात मौलिक आज्ञाहरू मित्राछन्)। प्रथम मण्डलीले शुरू देखिनै येशुका आज्ञाहरु पालन गर्दै आए। (प्रेरितहरुले जहाँ जहाँ चेलाहरु बनाए यस प्रकारले मण्डली बड्दै गए।)

नयाँ नियमका प्रथम मण्डीलका विश्वासीहरुले येशुका आज्ञाहरु कसरी पालन गरे प्रेरित 2:37-47 मा पाउनु हुनेछ:

- येशुको कुन आज्ञा नयाँ विश्वासीहरुलाई पत्रुसले पहिले बताए? (पद 38)



- कुन आज्ञाले पापीहरुलाई पश्चत्ताप गरेर विश्वासीहरु झैं हुनमा आज्ञाकारी बनाए? (पद 42)
- येशुले आज्ञा गरे झैं नयाँ बप्तिस्मा लिएकाहरूले कुन चार उत्साहपूर्ण काम गर्नलाई आफैहरुलाई समर्पण गरे? (पद 42)
- पद 42 मा कुन चाँहि उत्साहपूर्ण कामहरुद्वारा विश्वासीहरु एकार्कालाई कसरी प्रेम गर्दथे भनि स्पष्ट गर्दछ?
- येशुको अरु कुन मौलिक आज्ञाले तिनीहरुको संगतीलाई अगुवाई गर्थे? (पद 44-45)

एफिसी 4:11-12 अनुसार तपाईंको बगालमा कति प्रकारका मानिसहरु दिनलाई परमेश्वरले प्रतिज्ञा गर्नुहुन्छ?

यी पाँच किसिमका मानिसहरु मध्ये कुन दुइले मण्डलीहरु अगुवा गर्नलाई सामान्यत: नेतृत्व गर्नुपर्छ? (उत्तर: प्रेरित अनि प्रचारकहरु)।

## पावल-तिमो थी गोठालाको अध्ययन-मण्डली स्थापना, सी 7 ए

नयां मण्डली अनि कक्षाहरु शुरुवात गर्नको निम्ति मार्ग निर्देशन

**मार्गनिर्देशन 1 :** स्थानीय परिस्थितिलाई मिल्ने प्रणालीहरु अप्नाउनु होस्। तपाईंले निरन्तर एउटै प्रणाली पछाईरहनु पर्दैन। प्राय: मित्रहरुले यी तीन उपायहरु मध्ये एउटाबाट प्रारम्भ गर्दछन् तपाईका परिस्थितिहरुमा मिल्ने असल उपायलाई चुन्नुहोस्।

1. **रोप्नु :**एक मण्डली रोपक वा साना मण्डली रोप्ने दललाई, मूल बगालले अन्य संस्कृतिहरुको माझ अनि क्षेत्रहरुमा, मण्डली शुरू गर्न पठाउँछ, जस्तै प्रेरित 13:1-3 मा छ।

2. **जन्माउनु :**मातृ-मण्डलीका सदस्यहरुले छेउ छाउका समाजलाई सुसमाचार बाँड्न, नयाँ विश्वासीहरुलाई चेला बनाउन अनि त्यो समाजमा नयाँ नेताहरुलाई तालिम दिनु सक्छन्। मातृ-बगाललाई कसैले त्याग्नु हुँदैन। प्रेरित 10 अध्यायले उदाहरण दिंदछ।

3. **बटुल्नु :**कतिपय विश्वासीहरुले मातृ-मण्डलीलाई छोड़ेर एउटा नयाँ बगाल शुरू गर्नेगर्छन्। यस्तो काम शहरका ठूला मण्डलीहरुले गर्नु असल हुनेछ जहाँ यातायातको सुविधा छ, यो एउटै समाज भित्रभएको असल हुँदछ। यसबारे धर्मशास्त्रमा कुनै उदाहरण छैन्।

**मार्गदर्शन 2 :**जहाँ सम्पर्क छ तपाईले त्यहां काम गर्नोस्। कार्यकर्त्ताहरु तिनीहरुका मित्र अनि नातेदारहरुकहाँ जाँदा, नयाँ बगाल शुरू गर्नमा साधारणत  धेरै सजिलो हुदंछ।

**मार्गदर्शन 3 :**जनसंख्याको बढ़ि प्रतिक्रियात्मक भागलाई केन्द्रित गर्नुहोस्। यदि मानिसहरुले तपाईंलाई इन्कार गर्दछन् मने येशुको आज्ञा ''धूलो टकटक्यानुनु'' भन्ने याद गर्नुहोस्। विभिन्न पृष्ठभूमिको कारण मानिसहरूमाझ मतभेद उत्पन्न हुदैछ र यसले नयाँ मण्डली खड़ा गर्नमा बाधा पुरयाउँदछ। एउटा ठूलो बगालमा संस्कृतिको भिन्नताले गड़बड़ी हुनु भन्दा बरू स-साना बगालहरु शुरू गर्न असल हुनेछ, जसरी गलातीमा भएका थिए। (यदि तपाईलाई यस विषयमा थाहा भने पावलले गलातीलाई लेखेको पत्र पढ़नुहोस्)।

**मार्गदर्शन 4 :**विश्वासीहरुले हप्ता भरी आराधना शुरू गरेपछि पनि सुसमाचार दिई नै रहनु होस्। मानिसहरु भेला भए पछि कार्यकत्ताहरुले तिनीहरुको काम भए भनि विचार गर्दछन् तर कति बगालहरु असफल हुंदछन्।

**मार्गनिर्दशन 5 :**झूण्ड सानो भएता पनि असल आराधना सेवाको योजना बनाउनुहोस्। अल्छे कार्यकर्त्ताले आराधना अर्थपूर्ण बनाउन नसकेको कारणले कति नयाँ बगालहरु जीवित रहना सक्दैन।

**मार्गनिर्देशन 6 :**हरएक कार्यकर्त्ताहरुको जिम्मेवारी बुझाउनु होस्। हरएक कार्यकर्त्ताहरुले के गर्न पर्छ निश्चय गर्नुहोस्। हरएकलाई असल काम गर्न लगाउनुहोस्। पत्नीले के गर्छिन् वा गर्दिनन् त्यस कुरामा आफनी पत्नीसित सहमत हुन पर्छ। कति साथीहरु कार्यकर्ताहरुलाई कर लगाउँना तिनीहरुले गर्न सक्दैनन् अनि उनी असफल हुँदछन्।

### 2. विश्वासीहरुले साताभरी गर्नुपर्ने क्रियाकलापहरुको योजना सहकर्मीहरुसित बनाउनुहोस।

छेउ छाउका अवहेलित् समाजमा नयाँ मण्डली शुरू गर्नहोस्। नयाँ नियमबमोजिमका कुराहरू कुनै एक झुण्डलाई गर्न विश्वासीहरूले लगाउँछन्, त्यहाँ एउटा नयाँ मण्डली हुँदछ। यी कुराहरूमा येशुका आज्ञाहरु अनि अन्य तथा कार्य क्रियाकलापहरु सम्मिलित छन् र यी कुराहरूले यस झुण्डलाई यी आज्ञहरूमा बढ़ाउँदछन्।

तल दिइएका सुचिहरुमा, तपाईंको मण्डलीलाई वा तपाईंले शुरू गर्नका भएका नयाँ मण्डलीहरुलाई, जसहरूले अझै उन्नती गर्नुछ, आवश्यक क्रियाकलापहरु दाग लगाउनुहोस्। के कसो गर्नु पर्ने हो सो सह कर्मीहरुसित योजना

बनाउनुहोस्, त्यसपछि काम गर्नुहोस्।

( ) बप्तिस्माद्वारा पश्चत्तापी पापीहरुको विश्वास अनि येशुको खातिर तिनीहरुको साक्षीलाई पक्का पार्नुहोस्।

( ) नयाँ मण्डली शुरू गर्नु अनि कार्यकर्त्ताहरुलाई, अवहेलित् मानिसहरु कहाँ पठाउनुहोस।

( ) विश्वासीहरुलाई आराधनामा साथै प्रभु भोजमा उत्साहपूर्वक भाग लिनलाई मदत गर्नुहोस्।

( ) मण्डलीमा न्यानो संगती उत्पन्न गराउनुहोस् अनि विवाह र पारिवारिक जीवनलाई बलियो पार्नुहोस्।

( ) समस्याहरुको समाधान अनि मेल मिलापको निम्ति, परिवारहरु अनि व्यक्तिहरुलाई मदत गर्नुहोस्।

( ) पवित्रतालाई खोज्न, सदैव नवीकरण हुन अनि पवित्र आत्माद्वारा परिवर्तन हुनलाई बगाललाई मदत गर्नुहोस्।

( ) अरुहरुको खाँचो पुर्‍याउन उदारचित्तले दिनुहोस्।

( ) प्रार्थना, अर्न्तविन्ती, प्रेतहरुको विरुद्ध आत्मिक लड़ाई अनि परिवारहरुलाई प्रत्येक दिन प्रार्थना गर्नमा सहयोग गर्नु।

( ) मानिसहरुको जीवनमा परमेश्वरको वचन प्रयोग गर्नु, अनि ब्वाँसाहरु, जसले झूठा सिद्धान्त प्रचार गर्दछ, बहिष्कार गर्नु।

( ) नयाँ मण्डलीहरुका अगुवाहरु, प्रचारकहरु अनि सिकारू गोठाला एल्डरहरुलाई तालिम दिनु।

( ) बगालको देखभाल अनि व्यवस्थीत् गर्नु, यसैले कि विश्वासीहरुले आ-आफ्ना आत्मिक वरदानहरुद्वारा सेवा गरुन्।

( ) छेउ-छाउका अरु मण्डलीहरुलाई यी क्रियाकलापहरु गर्नमा सहयोग पुर्‍याउन मिलेर काम गर्नुहोस्।

**3. आउँदो आराधनाको योजना तपाईंको सहकर्मीहरुसित मिलेर बनाउनुहोस्।**

प्रथम नयाँ नियम मण्डली कसरी शुरू भए प्रेरित 2:37-47 देखि कथा सुनाउनुहोस्, अनि त्यस बारे माथि उल्लेखित् प्रश्नहरु सोध्नुहोस्।

एफिसी 4:11-12 देखि बुझाउनुहोस कि तपाईको मण्डलीमा नयाँ मण्डली नेतृत्व गर्न सक्ने मानिसहरु दिनु हुन्छ, अनि सहयोगीहरुले त्यसै गरुन भनि परमेश्वरसित माँग्नुहोस्।

मत्ति 20:18-20 मा लेखिए अनुसार येशुको आज्ञा बुझाउनुहोस्। येशुका आज्ञाहरु पालन गर्नेहरूलाई चेला बनाऊ। तपाईंको बगालले येशुका मौलिक आज्ञाहरु जान्नलाई निश्चय गर्नु होस्।

नयाँ मण्डीलहरु शुरू गर्नलाई माथि दिइएका 6 मार्गनिर्देशनलाई बुझाउनुहोस्।

तपाईको मण्डलीको उन्नतिमा खाँचो पर्ने क्रियाकलाप बुझाउनु होस्, जो तपाईले माथि दाग लगाउनुभयो, तिनीहरुको प्रगति को निम्ति वश्वासीहरुलाई योजना बनाउन सहयोग गर्नुहोस्। नयाँ मण्डली शुरू गर्ने कार्यकर्त्ता हरुलाई तिनीहरुको प्रगतिको अनुमोदन दिन लगाउनुहोस्।

नानीहरूद्वारा तयार कार्यक्रमरू प्रस्तुत गर्न लगाउनुहोस्।

## पावल–तिमो थी गोठालाको अध्ययन–मण्डली स्थापना, सी 7 ए

एउटाले अर्कोको निम्ति प्रार्थना गर्नलाई, नयाँ मण्डली शुरू गर्ने योजना बनाउनलाई, अनि नयाँ नियममा क्रियाकलाप मा आवश्यक विकास गर्न दुई वा तीन व्यक्तिहरुको झुण्ड बनाउनुहोस्। एन्टीओकको विकास मण्डीलीमा नियुक्त भएका कार्यकर्त्ताहरुले शुरू गरून् (प्रेरित 13:1–3)।

प्रभुभोज परिचय गर्दा प्रेरित 2:42 अनि 46 पढ़नुहोस्। नयाँ मण्डलीरुले प्रारम्भदेखि नै प्रभुभोज मनाउनै पर्छ भनि बुझाउनुहोस्, अनि तिनीहरुले घरमा पनि गर्न सक्छन्।

एफिसी 4:11:22 एक साथ कण्डस्थ गर्नु होस्।

# पावल अनि बर्णर्वासले नयाँ मण्डलीमा नयाँ विश्वासीहरु ल्याए

**प्रार्थना :**''प्रिय बुवा, जब हामी तपाईंका पुत्र येशुको बारेमा, अरु मानिसहरुलाई बताउँदछौं तपाई कति खुशी हुनुहुन्छ भनि हाम्रा बालकहरुलाई देखाउनमा यस अध्ययनलाई प्रयोग गर्नुहोस्।''

नानीहरुका उमेर अनि खाँचोहरुसित मिल्ने क्रियाकलापहरु चुन्नुहोस्।

**1. पावल अनि बर्णाबासबारे सिकाउनलाई तयार पार्नुहोस्।**

पावल अनि बर्णाबासले कसरी नयाँ मण्डली शुरू गरेका थिए प्रेरित 14 अध्यायमा पढ्नुहोस्।



एन्टिओकका विश्वासीहरुले पावल अनि बर्णाबासलाई नयाँ कामको निम्ति अन्य ठाउँ भा पठाउनलाई के गरे, प्रेरित 13:1–3 मा पाउनु हुनेछ। (उत्तरहरु प्रश्नको तलपट्टि पाउनुहुन्छ।)

(1) पावल अनि बर्णाबासलाई मण्डली खड़ा गर्न कुन शहरमा पठाएका थिए?

(2) पवित्र आत्माले एन्टिओकमा भएका विश्वासहरुलाई के गर्न भन्नुभयो?

उत्तरहरु :

(1) एन्टिओक, त्यस क्षेत्रको एउटा शहर, वर्तमान टर्की अथात् तुर्क राष्ट्र।

(2) पावल अनि बर्णांबासलाई जुन कामको निम्ति बुलाहट भएको थियो 'अलग' रहनलाई पवित्र आत्माले विश्वासीहरुलाई भने। जसहरू येशुको बारेमा न सुनेका मानिसहरूँकहाँ तिनीहरुले सुसमाचार पुर्‍याएको उहाँ चाहनुहुन्थ्यो।

लिस्त्रामा भएका घटनाहरु प्रेरित 14:8–23 मा खोजी गर्नोस :

(1) यस्तो के भयो कि मानिसहरु छक्क परे?

(2) पावल अनि बर्णाबासलाई मानिसहरुले पहिले के सम्झेका थिए?

(3) मानिसहरुले तिनीहरुलाई पुज्न चाँहदा पावल अनि बर्णाबासले के गरे?

(4) भानिसहरू अरु शहरहरुबाट आएपछि सबै भेला भएर पावललाई के गरे?

(5) के पावल र बर्णाबासले येशुको विषयमा भन्न छोड़ी दिए?

(6) पावल अनि बर्णाबास त्यहाँबाट जानभन्दा अघि चेलाहरु अगुवा हुन सकून भनेर के गरे?

उत्तरहरु :

(1) पावलले लङ्गड़ा मानिसमा चंगाई हुने विश्वास देखे अनि परमेश्वरले त्यस मानिसलाई निको पार्नुभयो।

(2) मानिसहरूले बर्णाबासलाई जूपिटर र पावललाई मर्करी हुन् मनी सम्झेका थिए।

(3) पावल र बर्णाबासले उनीहरू पनि तिनीहरू जस्तै मानिस हुन् मनी बताए, जसहरूले जिउँदो परमेश्वरको सेवा गर्दछन्।

(4) तिनीहरुले पावललाई दुंगाले हिर्काए अनि मरे होलान् भन्ठानेर शहरदेखि बाहिर घिस्याएर लगे।

(5) पावल अनि बर्णाबासले येशुको बारेमा फेरि प्रचार गरे।

(6) प्रेरितहरुले प्रत्येक नयाँ मण्डलीमा धर्मगुरुहरु नियुक्त गरे।

एक शिक्षक वा ठूला नानीले, लिस्त्रामा पावल अनि बर्णाबासले लङ्गड़ा मानिसलाई चंगाई गरेको अनि त्यस पछिको घटनाबारे कथा सुनाउन् (प्रेरित 14:8-23)।

भाग-1 को कथाबाट नानीहरुलाई प्रश्न सोध्नुहोस।

प्रेरित 14:8-23 बाट पावल अनि बर्णाबासले के गरे नाटकमा उतार्नुहोस्। अनि विशेष आराधनाको समयमा प्रौढ़हरुलाई प्रस्तुत गर्नुहोस्। तपाई सबैले आ-आफ्ना भूमिका चुन्नुहोस्। ठूला नानीहरुले सानाहरुलाई तयारी गर्नमा मदत पुर्‍याऊन।

- ठूला नानीहरुले पावल, लङ्गड़ा मानिस अनि कथकको अभिनय गरुन्।
- साना नानीहरुले बर्णाबास, भीड़ अनि ढुंगा हान्नेहरूको अभिनय गरुन्।

**कथक :**पद 8 अनि 9 पढुन।

**पावल र बर्णाबास :**लङ्गड़ा मानिसतर्फ बिड़दछ।

**पावल :**''तिमीले येशुको नाउँमा चंगाई पाएका छौ।''

**लङ्गड़ा मानिस :**जुरुक्क उठेर हिंड़दछ र कराउँदछ, 'म ठिक भएँ।'"

**भिड़हरु :**निहुरीएर कराउँछन्, ''देवहरु मानिसहरुका रूपमा हामीकहाँ ओर्लेर आएछन्।''

''तिनीहरु जूपिटर अनि मर्करी देवहरु हुन्।''

''फूलका मालाहरु ल्याउ अनि गोरु ल्याएर यिनीहरुको निम्ति बलि चढ़ाऊ।''

**पावल :**पावलको शब्दहरु पद 15 देखि कराउँदै भन्नुहोस्।

**कथक :**पद 18 र 19 पढ़नोस्।

**ढुंगा हान्नेहरु :**पावल र बर्णाबासलाई औल्याउँदै रीसले कराउँछन् :

**दुंगाहान्नेहरु :**''ती मानिसहरु, पावल र बर्णाबास'' तिनीहरुले तिमीहरुलाई धोका दिए।''

''भूतात्माको शक्तिले तिनीहरुले छलको काम गर्दछन्।''

**पावल–तिमोथी बालकहरुको अध्ययन–मण्डली स्थापना, सी. 7 बी.**

''यिनीहरुले तिमीहरुको मन्दिर र प्रथाहरु नष्ट गर्नेछन्।''

पावलमाथि ढुंगा फ्याँके जस्तो दृश्य पेश गर्नु। पावल भूईंमा लड्नु।

**कथक :**पद 20–23 पढ्नोस्, अनि नाटकमा भाग लिने र मदत गर्ने सबैलाई धन्यवाद टक्रयाउनुहोस्।

यदि यो नाटक प्रौढ्हरुलाई प्रस्तुत गरे नानीहरुले प्रेरित 14 अध्यायबाट केहि प्रश्नहरु गरुन्।

बिउ छर्नेको उखानलाई प्रदर्शन गर्नुहोस्, मर्कूस 4:1–20।

- प्रत्येक नानीहरुलाई एक एक वटा बिउ दिनु होस् वा आफ्नो हातमा एउटा बिउ राख्नुहोस्।
- जब मानिसहरुले उहाँलाई ग्रहण गर्छन् ,व्याखा गर्नलाई । बिउलाई कसरी प्रयोग गर्नुभयो बुझाउनु होस्। येशूले मन्नु भयो यदि बाउ असल जमिनमा परयो मने त्यसले घेरै फल फलाउंछ।
- राम्रो अनि नराम्रो भूमि के हुन् बुझाउनुहोस्।
- जब पावल अनि बर्णाबास लिस्त्रा अनि अन्य शहरहरुमा गए, तिनीहरुले परमेश्वरको राज्यको बीउ छरे र नयाँ मण्डली खड़ा भएपछि, अन्य ठाउँहरूमा पनि बिउ छर्ने कामको निम्ति अर कार्यकतीहरू पठाए, बुझाउनु होस।

**कविता :**चार जना नानीहरु प्रत्येकलाई एक एक पद यशैया 42:1,4,6 र 7 बाट कण्ठस्थ गरेर सुनाउन लगाउनुहोस्।

प्रेरित 1:8 स्मरण पद।

**प्रार्थना :** ''प्रभु, हामीले पनि अरूहरूलाई सुसमाचार सुनाउँदा, पावल अनि बर्णाबास जस्तै हामीलाई पनि विश्वासी बन्नमा मदत गर्नुहोस् अन्य ठाँउ हरुमा मानिसहरुले येशुलाई चिन्न सकुन् अनि विश्वव्यापी ख्रीष्टको शरीरमा भाग लिने होऊन्।''